## पाठ - 16
## परिवार सँग रसूल ﷺ को व्यवहार

## الدرس السادس عشر - نيبالي
## معاملته مع أهله ﷺ

परिवार सँग रसूल ﷺ को यस्तो व्यवहार थियो कि जस्तो सबै प्रकारको महान चरित्र र गुणको सँगम भइसकेको होस, नबी ﷺ एकदमै साधारण व्यक्ति हुनु हुन्थ्यो, सधैँ आफ्नो परिवारको अवश्यक्तालाई ध्यानमा राख्थे, महिलाहरुको कदर गर्थे, उनीहरुलाई मानव, आमा, श्रीमति, र छोरि जस्तो सम्मान प्रदान गर्थे, कसैले उहाँ सित सोध्नु भयो कि मेरो सुन्दर व्यवहारको सबभन्दा ठुलो हकदार को हो? त उहाँले भन्नु भयो «तिम्रो आमा, फेरि तिम्रो आमा, फेरि तिम्रो आमा, त्यस पछि तिम्रो बुवा» त्यस्तै एउटा हदीसमा रसूल ﷺ ले भन्नु भयो «जसले आफ्नो आमा बुवालाई पाउनु भयो वा कुनै एकलाई पाउनु भयो, तर उनीहरको सेवा गर्नु भएन, र यस्तो अवस्थामा त्यसको मृत्यु भयो भने त्यस माथि अल्लाहको धुतकार हुन्छ र त्यो नर्कमा जान्छ» । र त्यस्तै उहाँकि श्रीमति थालीमा जुन् ठाउँबाट पिउँने गर्थी भने रसूल ﷺ पनि त्यहि ठाउँबाट पिउने गर्थे, र भन्नु हुन्थे कि «राम्रो व्यक्ति त्यो हो जुन् आफ्नो परिवारको लागि राम्रो हो र म आफ्नो परिवारको लागि राम्रो छु »

## रसूल ﷺ को दया

दयाको गुण बारे रसूल ﷺ ले आफै भन्नु भएको छ कि «दयावानहरु माथि अल्लाह दया गर्छ, तसर्थ धर्तिवासीहरु माथि दया गर अल्लाह तिमी माथि दया गर्नेछ»

हाम्रो नबी मुहम्मद ﷺ धेरै दयावान हुनु हुन्थ्यो जस्तो कि सानो र ठुलो, नातेदार र साधारण व्यक्तिहरु सँग उहाँको व्यवहारले स्पष्ट हुन्छ। उहाँको दया र कृपाको नमुनाहरु मध्ये एउटा यो पनि छ कि यदि उहाँले नमाजमा कुनै बच्चा रोएको आवाज सुन्थे भने छिटै नमाज समाप्त गरिहाल्थे, हजरत अबुकतादा رضي الله عنه को हदीसमा छ कि नबी ﷺ ले भन्नु भयो «म नमाजका लागि उभिन्छु र मेरो चाहना हुन्छ कि लामो नमाज पढौं, तर यदि कुनै बच्चाको रोएको आवाज सुन्छु भने छिटो नमाज समाप्त गरि हाल्छु , ताकि उसको आमालाई कुनै प्रकारको कष्ट न होस»

आफ्नो समाज प्रति दया र उनीहरुलाई अल्लाहको धर्ममा ल्याउने प्रयासको उहाँको अवस्था यस्तो थियो कि एउटा यहुदी बच्चा जुन् नबी ﷺ को सेवा गर्नु हुन्थ्यो जब त्यो बिरामी भयो त नबी ﷺ त्यो सँग भेँटन आए, र त्यसको सिरानीमा बसेर भन्नु भयो «मुस्लिम भइहाल» बच्चा आफ्नो पितालाई हेर्न थाल्यो जुन् उसको नजिकै उभेको थियो, त उसको बुवाले भन्नु भयो, अबुल कासिम अर्थात नबी ﷺ को कुरा मान, र बच्चा मुस्लिम भइहाल्यो, फेरि थोरै समय पछि उसको मृत्यु भइहाल्यो, त नबी ﷺ त्यहाँबाट निस्कनु भयो र भन्नु भयो «सबै प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले बच्चालाई नरकबाट बचाइ दिनु भयो